नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

बुद्धनगर, काठमाडौं ।

## छुट भएका पीडित बचतकर्ताहरुलाई मागदावी पेश गर्ने बारेको १५ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८१/०७/०१ गते**

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सहकारी ऐन, २०७४ को दफा १०४ वमोजिम विभिन्न मितिको निर्णयानुसार समस्यागस्त घोषणा गरी सोही ऐनको दफा १०५ बमोजिम पहिलो पटक आ.ब.२०८०/८१ मा समस्याग्रस्त घोषित संस्थाहरुको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि यस समितिसमक्ष लेखी आएका तपसिल बमोजिमका समस्याग्रस्त संस्थाहरुको संस्था वा संघका सदस्य, बचतकर्ता तथा साहुहरुलाई आफुले पाउनु पर्ने रकमको दावी पेश गर्न राष्ट्रिय पत्रपत्रिकामा प्रथम पटक ३५ दिन र दोश्रो पटक १५ दिन दिई आफ्नो दावी पेश गर्न सूचना दिइएको बिदितै छ । तर पनि आफ्नो दावी पेश गर्न छुट हुन गएको भनी गुनासो आएकोले पहिले प्रकाशित सूचना बमोजिम दावी गरेको बचतकर्ताहरुको दायित्व भुक्तानी भैसकेपछि अशुली भै बाँकी हुन आएको रकममा बचतकर्तालाई दामासाहिले वितरण गर्न सकिने गरी अन्तिम पटक १५ दिने छुट दावीका लागि मौका दिई यो सूचना प्रकाशित गरिएको छ । यस समितिको वेवसाइट coopmc.gov.np मा गई अनलाईन आवेदन समेत गरी पेश गर्नु हुन सरोकारवाला सबैलाई यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | सहकारीको नाम | सि.नं. | सहकारीको नाम |
|---|---|---|---|
| १. | शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | ६. | कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड |
| २. | तुलसी बहुमुखी सहकारी संस्था लिमिटेड | ७. | श्री लालिगुँरास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड |
| ३. | कान्तिपुर सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड | ८. | गोरखा सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड |
| ४. | गौतम श्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | ९. | नेपाल सहकारी वित्तीय संस्था लिमिटेड |
| ५. | हाम्रो नयाँ कृषि सहकारी संस्था लिमिटेड | १०. | पशुपति सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड |